राक्सिराङ्ग गाउँपालिका, गाउँ कार्यपालिकाको निर्णय

**२०७७ साल असोज १२ गते सोमबार दिन बसेको राक्सिराङ्ग गाउँ कार्यपालिकाको ५०औँ बैठकबाट भएको निर्णयहरुको संक्षिप्त व्यहोरा निम्न बमोजिम छन् :**

१. राक्सिराङ्ग गाउँपालिकाको गाउँ सभाको विशेष आठौं अधिवेशन मिति २०७७ साल आश्विन महिना २७ गते मङ्गलबार विहान ११:०० बजे आव्हान गर्ने ।

२. स्वास्थ्य संस्था भवन निर्माणको लागि संलग्न स्टिमेट बमोजिम स्वास्थ्य संस्था भवन निर्माण गर्न आवश्यक बजेटको व्यवस्थाका लागि जिल्ला समन्वय समिति, मकवानपुरमा अनुरोध गर्ने । जि.स.स.बाट समयमै बजेट सुनिश्चित हुन नसकेमा गाउँपालिकाबाट विपद कोषमा विनियोजन गरिएको बजेटबाट खर्चहुने गरी स्वास्थ्य संस्था भवन निर्माण गर्ने ।

३. वोटवारी परेबाभिर सडक स्तरोन्नती आयोजनालाई गाउँपालिका तथा प्रदेश र संघीय सरकारसँगको साझेदारीमा सम्पन्न गर्ने गरी वहुवर्षीय ठेक्का प्रणालीबाट शुरुवात गरिएको प्रकृयालाई अनुमोदन गर्ने ।

४. चेपाङ्ग संग्राहलय तथा कोशेली घर निर्माण शीर्षकबाट चेपाङ्ग संग्राहलय तथा कोशेली घरको यथाशीघ्र डि.पि.आर. तयार गरी बहुवर्षिय ठेक्का प्रकृया अघि बढाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निदेशन दिने ।

**५.** विपद् व्यवस्थापन समितिको मिति २०७७/०५/०८ गते अनलाईन जुम बैठक वसी गरेका निर्णयहरु र मिति २०७७/०६/०२ गते बसेको बैठकले गरेका निर्णयहरु अनुमोदन गर्ने ।

**६.** आ.व. २०७७/७८ को बजेट तथा कार्यक्रममा व्यबस्था भए बमोजिम गाउँ पालिका भित्र निर्माण सम्पन्न भई चालु आ.व. को वर्षायममा क्षतिग्रस्त हुन पुगेका सडकहरुको दशै अगावै मर्मत सुधार प्रकृया अघिवढाई स्थानीय यातायता सेवा सुचारु गर्न सबै वडाहरुबाट प्राथमिकता क्रमअनुसार प्राप्त भएका देहायका सडकहरुलाई प्राथमिकताक्रम अनुसार मर्मत, सुधार, सरसफाई गर्न यस अघि कार्यालयबाट एक्साभेटर भाडामा लिने सम्वन्धि प्रक्रिया सम्पन्न भई सकेको हुदा छनोट भएका ठेकदार फर्महरुलाई कार्यादेश दिई यथाशिघ्र काममा पठाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने :

**तपसिल**

(क) वडा नं. २
- १) कालिधाप–सानेभावर–खरङ्ग सडक
- २) स्यामराङ वहते –वरेटार–आपवारी सडक

(ख) वडा नं. ३
- १) पलासे–गिङती–कोलडाडा सडक
- २) देउकोट–केरावरी–मैनाटार सडक
- ३) झो.पु–झिल्कीनी–मैनाटार–सुनारीसौरा सडक

(ग) वडा नं. ४
- १) रतुवा–वडाकार्यालय–भाटुखोला– तर्सिकोटसडक
- २) रतुवा–घोरघोटे–ठूलीखोला सडक
- ३) दुङ्ग–पन्जनी–वडा कार्यालय सडक

(घ) वडा नं. ५
- १) चैनपुर–वमकिम चौतारा सडक
- २) चैनपुर–ईन्चराङ्ग–देविटार सडक
- ३) मनहरी–रुपचुरी सडक

(ङ) वडा नं. ६
- १) खरखण्डेटार-सिलिङ्गे-शिलाधुनी सडक
- २) परेवाकोट–घुसराङ–माखलदमार–सिलिङ्गे सडक
- ३) खरखण्डेटार-बुझराङ्ग–खामाधनी-पाङथली सडक

(च) वडा नं. ७
- १) हात्तिधाप–दामराङ्ग–गर्लिङ्ग सडक
- २) तिरुवा–घाराङ–घिराई सडक

(छ) वडा नं. ८
- १) कुत्तासिं–पाङथली–गोठडाडा–मानेडाडा–चरीमारा–गैजुराङ्ग सडक
- २) देविटार–वडाकार्यालय सडक

(ज) वडा नं. ९
- १) अठारे–वडाकार्यालय-धुरु सुकेल सडक
- २) वडाकार्यालय–काङसिराङ्ग-लोजा सडक

नि. प्रमुख प्रशासकिय अधिकृत

३) कुईती–सलेनी–गैजुराङ्ग सडक
४) कुईती–तर्लिङ सडक
५) सुकेल–च्योराङ सडक

७. देहायको सडक खण्डमा सार्वजनिक सवारी सञ्चालन गर्न जिल्ला प्रशासन कार्यालय, मकवानपुरसँग अस्थायी रुट परमिटको प्रकृया अघि बढाइदिन अनुरोध गर्ने ।
क. मनहरी-चैनपुर–खैराङ्ग सडक
ख. भण्डारा-सिलिङ्गे-सिलाधुनी–खैराङ्ग सडक

८.

१) चालु आ.व. को वर्षायाममा आएको पहिरोको कारण वडा नं. ५ को वडा कार्यालय पुरीन गई सेवा प्रवाहमा समस्या पर्न आएको हुँदा तत्काल पायक पर्ने ठाउँमा घर भाडामा लिई वडा कार्यालय सञ्चालन गर्ने ।

२) कोभिड १९ को नियन्त्रण तत्कालै हुने अवस्था नदेखिएको सन्दर्भमा गाउँपालिकाको सेवा प्रवाहगर्न स्वास्थ्य मापदण्ड अपानाई अघि बढाउनु पर्ने देखिएकोले देहायको व्यवस्था कायम गर्न गराउन प्रमुख प्रशासकिय अधिकृतलाई निर्देशन गर्ने ।

**देहाय**

(क) सबै वडा कार्यालयहरुमा प्राविधिक उपलब्ध रहने व्यवस्था गर्ने ।

(ख) उपभोक्ता समितिका सचिब र उपाध्यक्षलाई वडा कार्यालयकै रोहवरमा सहिछाप गराई अध्यक्ष मात्र गाउँ पालिकामा सम्झौता गर्न आए पुग्ने व्यवस्था गर्ने ।

(ग) सेवाग्राहीलाई इन्ट्रीप्वाईन्टमा नै साबुन पानीले हात धोई सम्बन्धित शाखासँग सम्पर्क गराई पालैपालो मास्क लगाई कार्यालय भवनभित्र आउने जाने व्यवस्था गर्ने ।

(घ) कामको चाप हेरी कर्मचारीहरुलाई सिफ्ट प्रणालीमा काम गर्ने गरी आलो पालो प्रणालीबाट कार्यालयमा हुल कम हुने व्यवस्था गर्ने ।

(ङ) विभिन्न वडाहरुमा सडक मर्मत सुधार कार्यमा एक्साभेटर भाडामा लिई अघि बढाउने सन्दर्भमा सो कार्यको अनुगमन सम्बन्धित वडा अध्यक्षहरुले गर्ने जिम्मेवारी प्रदान गर्ने तथा सो कार्यको सुपरीवेक्षण गरी कार्यघण्टा टिपोट गर्न देहाय बमोजिमका कर्मचारीलाई परिचालन गर्ने

**देहाय**

१) वडा नं. १, २ र ३ का लागि डोजर अपरेटर श्री कमलकान्त घिमिरे ।
२) वडा नं. ४ र ५ का लागि फिल्ड सहायक श्री सिंगराम मोक्तान ।
३) वडा नं. ६, ७ र ८ का लागि स्थानीय व्यक्ति नियुक्त गरी काममा लगाउने ।
४) वडा नं. ९ का लागि स्थानीय व्यक्ति नियुक्त गरी काममा लगाउने ।

उल्लेखित काम गर्ने व्यक्तिले २४ घण्टा कामको सुपरिवेक्षण गर्नुपर्ने हुदा दैनिक रु ६,००/सम्म भत्ता उपलब्ध  गराउने ।

**द्रष्टव्य : निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरु आवश्यक भएमा गाउँ कार्यपालिकाको कार्यालयबाट प्राप्त हुनेछ ।**

राक्सिराङ्ग गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
राक्सिराङ्ग, मकवानपुर
बागमती प्रदेश, नेपाल

नि. प्रमुख प्रशासकिय अधिकृत